नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
**जलस्रोत तथा सिंचाइ विभाग**
**जावलाखेल, ललितपुर**

☎ +९७७-०१-५-४३७१३६
+९७७-०१-५-४३७३१३
+९७७-०१-५-४३७२१०
+९७७-०१-५-४३७३११
+९७७-०१-५-४३७३१२
+९७७-०१-५-४३७३०८
+९७७-०१-५-४३७३०६
+९७७-०१-५-४३७३०२

एक्स :- +९७७-०१-५-४३७१३६
+९७७-०१-५-४३५३८२
फ्याक्स :- +९७७-०१-५-४३७१६९

प.सं. : प्र. २०७७/७८
च.नं. : ५८५

मिति : २०७८/०१/२१

श्री सम्बन्धित आयोजना/परियोजना/योजना/कार्यक्रम/कार्यालय ।

**विषय : अस्थायी र करार सेवाका कर्मचारीको विवरण उपलब्ध गराइदिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय (आन्तरिक प्रशासन शाखा) को च.नं. ७५, मिति २०७७/०१/१९ को पत्रको छायाँप्रति तथा श्रीमान् मुख्य सचिवज्यूको अध्यक्षतामा बसेको सचिव बैठकको मिति २०७७/११/१० को निर्णय नं. ६ सँग सम्बन्धित छायाँप्रति यसै पत्रसाथ संलग्न राखी पठाइएको छ। यस अघि पनि प्रशासन शाखाबाट त्यस निकाय अन्तर्गत कार्यरत अस्थायी, ज्यालादारी र करारमा कार्यरत कर्मचारीहरुको विवरण माग गरिएकोमा केही निकायले पठाएको विवरण मात्र प्राप्त भएको छ। तसर्थ, माथि उल्लेखित कर्मचारीहरुको विवरण पठाउन बाँकी रहेका कार्यालय/आयोजना/कार्यक्रमले ५ (पाँच) दिनभित्र soft copy (excel editable) र scan hardcopy यस विभागको इमेल ठेगाना : administration@dwri.gov.np मा पठाइदिनुहनु आदेशानुसार अनुरोध छ।

(कृष्ण गिरी)
**शाखा अधिकृत**

"स्वच्छ र सक्षम निजामती प्रशासन : समृद्धि र सुशासन"

नेपाल सरकार
# ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय
आन्तरिक प्रशासन शाखा

Website: www.moir.gov
Email:info@moir.gov.np
सिंहदरबार, काठमाण्डौं ।

प.सं.: २०७७/२०७८
च.नं. ८५

मिति:२०७७/०१/१९

जलस्रोत तथा सिंचाइ विभाग
न.नि.पि.ए.शाखा
दर्ता नं. : २२८७
मिति : २०७८/१/२०

श्री जलस्रोत तथा सिंचाइ विभाग, जावलाखेल ।

श्री विद्युत विकास विभाग, अनामनगर ।

श्री जल तथा मौसम विज्ञान विभाग, बबरमहल ।

श्री जलश्रोत अनुसन्धान तथा विकास केन्द्, बबरमहल ।

श्री भूमिगत जलस्रोत विकास समिति, बबरमहल ।

श्री वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र, बानेश्वर ।

राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लि ।

विषयः अस्थाई र करार सेवाका कर्मचारीको विवरण उपलव्ध गराईदिने सम्बन्धमा।

श्रीमान मुख्यसचिव ज्यूको अध्यक्षतामा बसेको सचिव बैठकको मिति २०७७/११/१०को निर्णय नं. ६ सँग सम्वन्धित तहाँ विभाग /कार्यालय तथा अन्तर्गत कार्यरत अस्थाई र करारका कर्मचारीको अद्यावधिक विवरण श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा पठाई सो को जानकारी यस मन्त्रालयमा समेत उपलव्धि गराईदिनहुन अनुरोध छ।

(चुडामणी आपगाँई)
शाखा अधिकृत

☐ योजना, कार्यक्रम तथा समन्वय महाशाखा
☐ बहुउद्देश्यीय तथा सिंचाइ महाशाखा
☐ जल उत्पन्न प्रकोप व्यवस्थापन महाशाखा
☐ भूमिगत जल तथा भौगर्भिक महाशाखा
☐ सिंचाइ व्यवस्थापन महाशाखा
☑ प्रशासन शाखा
☐ आर्थिक प्रशासन शाखा
☐ ऐन कानून परामर्श शाखा

घ. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रस्तावित कार्यसम्पादन करार निर्देशिका, २०७७ को मस्यौदालाई आवश्यक देखिए परिमार्जन गरी स्वीकृतिका लागि अघि बढाउने ।

६. सामाजिक सुरक्षा कार्यक्रमका लागि सबै मन्त्रालय तथा निकायहरूले आफ्नो वा अन्तर्गत कार्यालयमा कार्यरत अस्थायी र करारका कर्मचारीहरूको अद्यावधिक विवरण तयार गरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा २०७७ फागुन मसान्तभित्रमा पठाउने ।

७. कोभिड-१९ विरुद्धको खोपको प्रयोजनको लागि मिति २०७७/११/१५ भित्र सबै मन्त्रालय तथा निकायहरूले तलबी विवरण (Payroll) का आधारमा कर्मचारीहरूको विवरण स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई उपलब्ध गराउने ।

८. सबै मन्त्रालय तथा निकायहरूले फागुनको तेस्रो हप्ता सम्ममा आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रमको मस्यौदा तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने।

९. पूँजीगत खर्च न्यून भएको, आयोजना र कार्यक्रमको प्रगति सन्तोषजनक भै नसकेको र कार्यान्वयन योग्य, व्यहारिक र यथार्थपरक नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्न आर्थिक वर्ष ०७८/७९ को नीति तथा कार्यक्रम र बजेटका सम्बन्धमा सचिवहरुको विच अन्तरक्रिया, कार्यक्रम अर्थ मन्त्रालयले यथाशिघ्र आयोजना गर्ने ।

१०. सिंहदरबार भित्रको सुरक्षा व्यवस्थालाई मध्यनजर गरी सिंहदरबार प्रवेश पास प्रणालीलाई गृह मन्त्रालयले थप व्यवस्थित गर्ने ।

११. निजामती सेवामा नव प्रतिभाहरुको आकर्षण बृद्धिगर्न, कर्मचारीहरुलाई कार्यस्थलको वातावरणमा थप सुधार गर्ने र समग्र कर्मचारीहरुलाई उत्प्रेरित गर्न आवश्यक पर्ने अध्ययन, तालिम लगायतका क्षमता विकासका कार्यक्रम बनाई निजामती कर्मचारीहरुको मनोबल उच्च बनाई सेवा प्रवाहमा सुधार गर्ने सम्बन्धमा परामर्श गरी उपयुक्त धारणा बनाउन सचिवहरुका विच छलफल कार्यक्रम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यथाशिघ्र आयोजना गर्ने ।

मुख्य सचिव